# साईलो पिट निर्माण सम्बन्धि कार्यविधि, २०७३

**प्रस्तावना**

पशुपालन क्षेत्रको ब्यबसायिकरणको लागि पशु आहाराको बिकास हुनु जरुरी छ । नेपालमा दुध र मासुको बढ्दो मागलाई सापेक्षिक रुपमा पुर्ति गर्न उन्नत घाँस खेतीलाई प्राथमिकता दिदै बैकल्पिक पशु आहाराको पनि ब्यबस्था हुनु जरुरी छ । हाल देशमा दुध उत्पादनमा बृद्धि गर्नुपर्ने आबश्यकतासँगै दुधको उत्पादन लागत घटाउने कार्य पनि प्रमुख चुनौतिको रुपमा रहेको देखिन्छ । खासगरि नेपालमा हिउंद महिनामा पशु आहारको अभाव देखिएको हुंदा यसको प्रत्यक्ष असर दुध उत्पादनमा पनि परेको पाईन्छ । यसै तथ्यलाई मध्यनजर गर्दै बर्षायाममा उत्पादन भएको हरियो घाँसलाई साइलेज बनाई संरक्षण गर्न साइलो पिट निर्माण सम्बन्धि नेपाल सरकारको कार्यक्रमलाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले संचालन गर्न नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

१) प्रारम्भिकः

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम "साइलो पिट निर्माण सम्बन्धि कार्यविधि, २०७३" रहेको छ ।

२. यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ

२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ ।

२. "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ ।

३. "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय सम्झंनु पर्नेछ ।

४. "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ ।

५. "कार्यदल" भन्नाले जिल्ला पशु विकास कार्यदल सम्झनु पर्नेछ ।

६. "कार्यविधि" भन्नाले "साइलो पिट निर्माण सम्बन्धि कार्यविधि, २०७३"सम्झनु पर्नेछ ।

**३)** उद्देश्य

क) पशु आहाराको अभाब हुने समयमा पशु आहाराको उपलब्धता गराई पशु उत्पादकत्वमा बृद्धि गर्ने ।

ख) पशु उत्पादनमा लाग्ने खर्च कम गर्ने ।

ग) नेपाल सरकारको साइलो पिट निर्माण गर्ने नीति तथा कार्यक्रमलाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले संचालन गर्ने ।

**४)** कार्यक्रम संचालन हुने जिल्ला : ७५ जिल्लाहरु

५.) कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने कार्यविधि :

निर्देशनालय/राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रले तोकेको भौगोलिक क्षेत्र अनुसार कार्यक्रम संचालन गर्न तोकिएका जिल्लाका कार्यालयले निम्न बमोजिमको मापदण्डको आधारमा कृषक समुह/समिति/ सहकारी/ ब्यबसायिक फार्म छनौट गरी कार्यक्रम संचालन गर्नु पर्नेछ :

क) कृषक/समुह/समिति/सहकारी/ब्यबसायिक फार्म बिधिबत रुपमा सम्बन्धित निकायमा वा कार्यालयमा दर्ता भएको ।

ख) कृषक समुहको हकमा कम्तीमा ५ (पांच) जना सदस्य भएको ।

ग) पशुपालन ब्यबसायमा ब्यबसायोन्मुख भएका कृषक/समुह/समिति/सहकारी/ब्यबसायिक फार्महरुलाई प्राथमिकता दिईने ।

घ) कृषक/समुह/समिति/सहकारी/ब्यबसायिक फार्मले अनिवार्य रुपमा सो साईलो पिटमा आवश्यक पर्ने घांस लगाएको उल्लेखित विवरण सहित पशु सेवा केन्द्रको सिफारिस ।

ङ) कृषक/समुह/समिति/सहकारी/ब्यबसायिक फार्मले पशु बिमा गरेको ।

## ६) छनौट प्रकृया :

क) साईलोपिट निर्माण कार्यक्रम संचालनको लागि सम्बन्धित कार्यालयले कृषक/समुह/समिति/सहकारी/ ब्यबसायिक फार्महरुलाई दरखास्तको लागि अनुसूचि १ बमोजिम सुचना आव्हान गर्नेछ ।

ख) अनुसूचि २ बमोजिम पर्न आएका निबेदनहरुको छनौटका लागि सम्बन्धित कार्यालयले अलग अलग मूल्यांकनका आधारहरु तयार गरी अलग अलग मूल्यांकन गरेर कार्यदलबाट अनुमोदन गराउनु पर्नेछ ।

ग) यसरी छनौट भएका कृषक समुह/समिति/सहकारी/ब्यबसायिक फार्महरुसंग अनुसुची ३ अनुसार सम्झौता गरिनेछ ।

घ) छनौट भएका कृषक समुह/समिति/सहकारी/ब्यबसायिक फार्महरुले राष्ट्रिय चरन तथा पशु आहारा केन्दले बिभिन्न भौगोलिक क्षेत्र (उच्च पहाड/मध्य पहाड/तराई) अनुसार तयार पारेको ढाँचा तथा लागत ईष्टिमेट अनुसार सांईलोपिट निर्माण गर्नुपर्ने छ ।

ङ) एउटा कृषक/समुह/समिति/सहकारी/ब्यबसायिक फार्मलाई एक आर्थिक बर्षमा एउटा साईलोपिट निर्माण कार्यको लागि मात्र अनुदान रकम उपलब्ध गराईनेछ ।

च) ७० प्रतिशत अनुदानमा कम्तिमा ४००० घन फिटको साइलोपिट (ठूलो) र कम्तिमा ८०० घन फिटको साईलोपिट (मझौला) निर्माण गरिने छ । लागत रकमको ७० प्रतिशत रकम अनुदान दिने ।

छ) साईलोपिट निर्माण कार्यक्रम संचालन तथा स्थापनाको लागि नेपाल सरकारबाट प्राप्त अनुदान बिबरणलाई सम्बन्धित सबै निकायले सार्बजनिकीकरण गर्नुपर्ने छ ।

## ७) कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेबारी :

### ७.१ कृषक/समुह/समिति/सहकारी/ब्यबसायिक फार्मको जिम्मेवारी :

क) कृषक/समुह/समिति/सहकारी/ब्यबसायिक फार्महरुले राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रले तोकेको मापदण्ड अनुसार सम्बन्धित कार्यालयको समन्वयमा साईलोपिट निर्माण गरि साईलेज बनाउने ।

ख) समुह/समितिको आचार संहिता बनाई सम्बन्धित कार्यालयमा दर्ता तथा नबिकरण गराउने ।

ग) बाह्रै महिना हरियो घांस खेती गरी ब्यबसायिक रुपमा पशुपालन गर्ने, साईलोपिट निर्माण तथा साईलेज बनाउने कार्य गर्ने र सोबाट निर्देशनालयमा परेको प्रभाव सम्बन्धि अनुगमन तथा मुल्यांकनमा सहयोग गर्ने ।

घ) समुह/समितिको बैठक प्रत्येक महिनाको एक पटक बस्ने ।

ङ) कार्यबिधिले तोके अनुसार अन्य सबै कार्य गर्ने ।

**७.२ पशु सेवा केन्दको जिम्मेवारी :**

क) आफ्नो कार्य क्षेत्र भित्र कुन कुन किसिमको घास लगाई उत्पादन वृद्धि गर्न सकिन्छ, सोही अनुसार कृषक/समुह/समिति/सहकारी/व्यवसायिक फार्म पहिचान गरि साईलो पिट निर्माणको लागी कृषक छनौट गरि कार्यालयमा सिफारिस गर्ने ।

ख) आफ्नो कार्यक्षेत्रको मातहतमा रहेका कृषक समुह/समिति/सहकारी/व्यवसायिक फार्मले संचालन तथा निर्माण गरेका साइलोपिट नियमित निरीक्षण, अनुगमन तथा आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।

ग) साईलोपिट निर्माण तथा संचालन सम्वन्धि कुनै समस्या तथा सल्लाह सुझाब जिल्ला पशु सेवा कार्यालयलाई दिने ।

घ) कृषक समुह/समिति/सहकारी/व्यवसायिक फार्मबाट मासिक प्रगति संकलन गरी कार्यालयमा मासिक प्रगति प्रतिबेदन पठाउने ।

**७.३ जिल्ला पशु सेवा कार्यालयको जिम्मेवारी :**

क) लक्षित वर्गको आवश्यकता र मागलाई ध्यानमा राखी आवश्यक कार्यक्रम योजना तर्जुमा एवं कार्यान्वयन गर्ने ।

ख) जिल्ला भित्र संभाव्य पशु पालक कृषक/समूह/समिति/सहकारी/व्यवसायिक फर्महरुको सूचि तयार गरि अभिलेख राख्ने ।

ग) साइलो पिट कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने श्रोत साधन राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रबाट प्राप्त गर्ने ।

घ) आगामी आर्थीक वर्षका लागी साइलो पिट कार्यक्रम राख्न सिफारिस गर्ने ।

**७.४ क्षेत्रीय पशु सेवा निर्देशनालय को जिम्मेवारी :**

क) कार्यक्रम सफलतापुर्बक सम्पन्न गर्न कार्यालयहरुलाई आबश्यक निर्देशन दिने ।

ख) जिल्लामा संचालित साईलोपिट निर्माण कार्यक्रमको निरीक्षण अनुगमन गरी सो को प्रतिबेदन चौमासिक रुपमा आबश्यक सुझाब सहित राष्ट्रिय चरन तथा पशु आहारा केन्द र निर्देशनालयमा पठाउने ।

**७.५ राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको जिम्मेबारी :**

क) प्रत्येक जिल्लामा कृषक/समुह/समिति/व्यवसायिक फार्मको मागको आधारमा कार्यालयको सिफारिसको आधारमा आवश्यक बजेटको परिधिमा रही साईलो पिटको कार्यक्रम जिल्लामा प्रस्ताव गर्ने ।

ख) साईलोपिट निर्माणको लागि बिभिन्न भौगोलिक क्षेत्र (उच्च पहाड/मध्य पहाड/तराई) अनुसार ढाँचा र लागत अनुमान तयार पार्ने ।

ग) केन्द्रिय निकाय अन्तरगतका सरोकारवाला कार्यलयहरुसंग समन्वय गरि कार्यक्रम संचालन गर्ने ।

घ) कार्यक्रमको नियमन, अनुगमन तथा मुल्यांकनको ब्यबस्था मिलाउने र सो को प्रतिबेदन सम्बन्धित निकायमा पठाउने ।

ङ) आबश्यकता अनुसार कार्यालयलाई प्राबिधिक परामर्श तथा अन्य सल्लाह सुझाब दिने ।

च) कार्यक्रमको मासिक चौमासिक र बार्षिक प्रगति प्रतिबेदन एकिकृत गरी निर्देशनालयमा पठाउने ।

**७.६ पशु उत्पादन निर्देशनालय** :कार्यक्रम संचालनको लागि समन्वय तथा सहजीकरणको भूमिका निर्वाह गर्ने.

क) कार्यक्रम संचालनको लागि बजेट तथा कार्यक्रम तय गर्न आवश्यक सहयोग गर्ने गराउने ।

ख) नियमन तथा अनुगमन गर्ने गराउने ।

८)  साईलो पिट निर्माण कार्यविधि कार्यान्वयनको लागि प्रस्ताबित आर्थिक नर्मस्

| क्र.सं. | कार्यक्रम | इकाइ | परिमाण | दर रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साइलो पिट निर्माण ४००० घनफिट | संख्या | ३ | ५००००० | १५००००० | |
| २ | साइलो पिट निर्माण ८०० घनफिट | संख्या | १५२ | १००००० | १५२००००० | |
| | जम्मा | | | | १६७००००० | |

९)  आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

१०)  अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

११) थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यविस्थत र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसुचि १

साइलो पिट निर्माणको लागि सूचनाको ढाँचा

पशु उत्पादन निर्देशनालय/राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र/जिल्ला पशु सेवा कार्यालय ..... को आ.व २०७३/०७४ को स्वीकृत कार्यक्रम अनुसार सहकार्य/साझेदारीमा साइलो पिट निर्माण गर्न इच्छुक कृषक समुह/सहकारी/व्यवसायिक फार्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिए बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना पेश गरिएको छ ।

पशु उत्पादन निर्देशनालय
राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र
जिल्ला पशु सेवा कार्यालय ....

अनुसूचि २

दरखास्त/आबेदन फारमको ढांचा

श्री प्रमुखज्यू मिति:
जिल्ला पशु सेवा कार्यालय ....

विषय: सहकार्य/साझेदारीमा साइलो पिट निर्माण कार्यमा सहभागि हुन पाउँ ।

महोदय,

जिल्ला पशु सेवा कार्यालय .......... बाट मिति .......... मा प्रकाशित सूचना अनुसार म/हामीलाई सहकार्य/साझेदारीमा साइलो पिट निर्माण गर्ने इच्छा भएकोले उक्त कार्यमा सहभागी हुन पाउँ भनि निम्न विवरण खोली यो निवेदन पेश गरेको/गरेका छु/छौं ।

१.कृषक/समुह/समिति/व्यवसायिक फर्मको नाम :
२.कृषक/अध्यक्षको नाम :
३.ठेगाना :
क) जिल्ला : ख)गा.वि.स./न.पा. : ग) वडा नं. :
४.लगाईएको घांसको किसिम :
५.घांस लगाईएको क्षेत्रफल :
६. लाभान्वीत घरधुरी :
७. पशु बिमा बिवरण :
८. बार्षिक कारोबार :
९. पशुको संख्या :
१०. पशुको किसिम :
११. सम्बन्धित बिषयमा तालिम लिएको/नलिएको :
१२.सम्बन्धित सेवाकेन्द्रको सिफारीस :
१३. सम्पर्क व्यक्तिको नाम :
१४. सम्पर्क नम्बर :
१५. दस्तखत :

अनुसूचि ३

कृषक/समूह/समिति/सहकारी/ व्यवसायिक फार्महरुसंगको सम्झौता पत्र

**जिल्ला पशु सेवा कार्यालय, ........... तथा ..........................................................................................**

**बीच साईलो पिट निर्माणको लागि भएको द्विपक्षिय सम्झौता**

जिल्ला पशु सेवा कार्यालय, .......... को बार्षिक कार्यक्रम अनुसार **साईलो पिट निर्माण कार्यक्रम** संचालन गर्न जिल्ला पशु सेवा कार्यालय ........... (यसपछि प्रथम पक्ष भनिने) र श्री .............. ......................................................................................(यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु मञ्जुर भई द्विपक्षिय सम्झौता सम्पन्न भयो ।

<u>तपशिल</u>

१) प्रस्तावित साईलो पिट निर्माण .................. जिल्ला .................गा.बि.स./न.पा. ......... वडा न. मा मिति ................ सम्ममा सम्पन्न गरिनेछ ।

२) प्रथम पक्षले साईलो पिट निर्माणको लागि दोश्रो पक्षलाई बढीमा रु..................... (अक्षरेपी ..........................................) बराबरको आर्थिक सहयोग वा सामाग्री प्रदान गर्नेछ । र कम्तिमा ३० प्रतिशत रकम बराबरको योगदान दोस्रो पक्षको हुनेछ । साथै अन्य नपुग रकमको व्यबस्था पनि दोस्रो पक्षले गर्नुपर्ने छ ।

३) दोश्रो पक्षले साईलो पिट निर्माणको लागि गरिने सम्पूर्ण कार्यहरु गरी बिल भरपाईहरु तथा कार्य प्रगति प्रतिबेदन बुझाए पश्चात प्रथम पक्षले स्थलगत अनुगमन गरि मनासिब ठहरेमा मात्र सम्झौता मुताबिकको रकम दोश्रो पक्षलाई भुक्तानी दिनेछ । सम्बन्धित निकायबाट भुक्तानी हुंदा शुरुमा एक र त्यसपछि कार्य प्रगतिका आधारमा दोश्रो गरी बढिमा २ किस्ता सम्ममा गरिनेछ ।

४) दोश्रो पक्षले ८०० घन फिटको पिटका लागि कम्तीमा १२ कट्ठा र ४००० घन फिटको पिटका लागि कम्तिमा ६० कट्ठा (२ हेक्टर) हेक्टर क्षेत्रफलमा बिभिन्न उन्नत घाँस खेती गरेको हुनुपर्ने छ ।

५) सम्झौता मुताबिक कार्य नभएमा वा उपलब्ध श्रोत साधनको दुरुपयोग भएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा संझौता भंग गरि दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

६) सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित नियम, कानुन र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नाम | नाम |
| पद | पद |
| कार्यालय | कार्यालय |
| **साक्षी** | **साक्षी** |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम | नाम |
| पद | पद |
| कार्यालय | कार्यालय |

इति सम्वत.... .....................साल......................महिना..............गते रोज..................शुभम् ।